# अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम कार्यान्वयन कार्यविधि (संसोधन २०८१), २०७९

पहिलो संसोधन मिति २०८१।०१।२८

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

# अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम कार्यान्वयन कार्यविधि (संसोधन २०८१), २०७९

पहिलो संसोधन मिति २०८१।०१।२८

**प्रस्तावनाः**

प्रतापपुर गाउँपालिका भित्रका कक्षा १२ उत्तीर्ण गरेका, स्नातक उत्तीर्ण तथा स्नातक तह वा सो भन्दा माथिको योग्यता पुरा गरेर अन्य रोजगारीको अवसर प्राप्त नगरेका यस गाउँपालिकाका नागरिकहरुलाइ रोजगारीको अवसर प्रदान गर्न तथा विद्यालयमा भएको शैक्षिक जनशक्तिको व्यवस्थापन गर्दा देखिएको समस्या समाधान गरी शैक्षिक जनशक्तिको अभाव पूर्ति गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्धेश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ वमोजिम प्रतापपुर गाउँपालिकाको शिक्षा ऐन २०७७ (संसोधन २०७९) को परिच्छेद १० को दफा ६५ ले दिइएको अधिकार प्रयोग गरी प्रतापपुर गाउँपालिकाको कार्यपालिकाले अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम कार्यान्वयन कार्यविधि (संसोधन २०८१) २०७९ बनाइ जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले यसै कार्यविधि बमोजिमको अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रमलाई सम्झनु पर्छ।

## परिच्छेद -२

## उद्धेश्य

**३. कार्यविधिको उद्धेश्यः** गाउँपालिका भित्र अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रमलाई पारदर्शि व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्नु।

**४.कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमका उद्देश्य देहाय अनुसार रहेको छ।

(१) गाउँपालिका भित्रका शैक्षिक वेरोजगारहरुको लागि रोजगारीको अवसर प्रदान गर्ने।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी लुम्बिनी प्रदेश,नेपाल

उमेश चन्द्र यादव
अध्यक्ष

(२) विद्यालयमा भएको शैक्षिक जनशक्तिको अभाव परिपूर्ति गर्ने।

(३) विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्ने ।

(४) शिक्षा प्रति अभिभावकहरूमा सकरात्मक सोचको विकास गर्ने।

(५) शिक्षित व्यक्तिलाइ रोजगारीको अवसर प्रदान गरी थप शैक्षिक योग्यता अभिबृद्धिको लागि उत्प्रेरणा प्रदान गर्ने ।

## परिच्छेद - ३

## छनौटको दायरा

५. यस कार्यविधि अनुसार अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रममा छनौट गर्नको लागि तपसिलको आधार पुरा गरेको हुनु पर्ने छ।

➘ (१) आधारभूत तह कक्षा (१-५) को लागि कक्षा १२ उत्तीर्ण गरेको वा सो सरह र आधारभूत तह कक्षा (६-८) को अंग्रेजी, गणित र विज्ञान विषयको १२ उत्तीर्ण वा सो सरह तथा माध्यमिक तह कक्षा (९-१०) को अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको लागि सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरेको वा सो भन्दा माथिल्लो योग्यता भएको हुनु पर्ने ।

(२) प्रतापपुर गाउँपालिकाको नागरिक हुनु पर्ने तथा विषय गत जनशक्ति गाउँपालिका भित्र अभाव भएमा सूचना अनुसार गाउँपालिका बाहिरको नेपाली नागरिक पनि हुन सक्ने।

(३) अन्य कुनै पनि सरकारी सेवामा आवद्ध नरहेको हुनु पर्ने ।

(४) सूचना अनुसार तोकिएको समयमा अनुसूची १ वमोजिमको निवेदन सहित सूचीकृत भएको हुनु पर्ने ।

(५) आधारभूत तह कक्षा (१-५) को लागि गाउँपालिकाको सूचना बमोजिम रीत पूर्वक सूचीकृत भएका व्यक्तिहरु मध्ये गाउँ कार्यपालिकाको निर्णयानुसार छनौटमा परेको हुनु पर्ने।

➘ (६) आधारभूत तह कक्षा (६-८) र माध्यमिक तह कक्षा (९-१०) को लागि गाउँपालिकाको सूचना बमोजिम विषयगत रुपमा रीत पूर्वक सूचीकृत भएका व्यक्तिहरुको विषयगत रुपमा शिक्षक सेवा आयोगबाट निर्धारण भएको पाठ्यक्रमको आधारमा तपसिलको छनौट समिति रहने गरी परीक्षा सञ्चालन गरी प्राथमिकता निर्धारण गर्ने र सोही प्राथमिकताको आधारमा रिक्त रहेको ठाउँमा विषयगत आवश्यकता अनुसार विद्यालयमा पठाउन शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार छनौट गरी पठाउने ।

संयोजक: प्रमुख प्रशासकीय अधिकृत

सदस्य: विषय विज्ञ २ जना

सदस्य: शिक्षा सम्बन्धी काम गर्ने कर्मचारी

सदस्य सचिव: शिक्षा शाखा प्रमुख

➘पहिलो संसोधनबाट संसोधन गरि थप गरिएको

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

यसरी प्रक्रिया पुरा गरेको व्यक्ति एक पटक छनौट भए पछी एक आर्थिक वर्षको लागि मात्र कायम रहने र गाउँ सभाबाट वजेट व्यवस्था गरेमा पुन निरन्तरता पाउन सक्ने छन् तर कार्यक्षमतामा कमि र विद्यालय प्रति अनुत्तरदायी भएको देखिएमा विद्यालय व्यवस्थापन समितिको निर्णय, विद्यालय अनुगमन समितिको राय बमोजिम शिक्षा समितिले जुन सुकै समयमा निजको सेवा निरन्तरतालाइ रोक्न सक्नेछ। साथै गाउँ कार्यपालिकाले तहगत र विषयगत आवश्यकताको आधारमा नियमित रुपमा र हरेक आर्थिक वर्षको सुरुमा पुन सूचना प्रकाशन गरी सूचीकृत गराउन चाहेमा सूचना प्रकाशन गरी सूचीकृत भएका मध्येबाट कार्यविधि वमोजिम कार्यपालिकाको निर्णयानुसार छनौटमा परेका व्यक्तिहरुलाइ विद्यालयमा खटाउन सक्नेछ ।

## परिच्छेद - ४

## सेवा सुविधा र सुविधा प्रासिको आधार

६. अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम अनुसार छनौट भएका व्यक्तिहरुको सेवा सुविधा तपसिल अनुसार हुनेछ ।

➘(१) विद्यालयमा हाजिर भएको दिनको मात्र पारिश्रमिक उपलब्ध हुनेछ । जस अनुसार आधारभूत तह कक्षा (१-५) को प्रतिदिन रु ७५० कक्षा (६-८) को प्रतिदिन रु १०५० र कक्षा (९-१०) को लागि रु १३०० प्राप्त हुनेछ ।

(२) विद्यालय खुलेको दिनको मात्र दैनिक पारिश्रमिक प्राप्त हुने ।

(३) विद्यालय कहिले जाने कहिले नजाने जस्तो अनियमित रुपमा विद्यालय उपस्थित भएमा विद्यालयले हाजिर गराउन बाध्यकारी नहुने ।

(४) निर्धारित समयमा विद्यालय जाने र आउने गरेको हुनु पर्ने ।

(५) विद्यालयले तोकेको कक्षा गत पिरियड अनुसार शिक्षण गरेको हुनु पर्ने ।

(६) शिक्षा ऐन तथा नियमावलीले तोकेका आचार संहिताको पालना गर्नु पर्ने ।

(७) आचार संहिता उलंघन गरेमा निजलाइ सेवा बाट हटाउन बाध्य हुने।

(८) विद्यालयमा हाजिरी भएको दिनको अभिलेख प्रमाणित गरी शिक्षा शाखामा पेश गर्नु पर्ने।

(९) हाजिरी भएको दिनको मात्र दैनिक पारिश्रमिक माग गरी शिक्षा शाखामा पेश गर्नु पर्ने ।

(१०) सबै व्यक्तिले अनिवार्य रुपमा बैंक खाता खोलेको हुनु पर्ने।

(११) पारिश्रमिक विद्यालयको खातामा नगइ व्यक्तिको खातामा जाने ।

उमेश चन्द्र यादव
अध्यक्ष

➘ पहिलो संसोधनबाट संसोधन गरि थप गरिएको

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद - ५

## शिक्षा शाखा र विद्यालयको भूमिका

७.अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रममा शिक्षा शाखा र विद्यालयको भूमिका तपसिल अनुसार हुनेछ:

**शिक्षा शाखाको भूमिका**

(१) अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रमको लागि विद्यालयको आवश्यकता पहिचान गर्ने।

(२) विद्यालयको आवश्यकता अनुसार गाउँ कार्यपालिका संग वजेट माग गर्ने ।

(३) स्वीकृत वजेट अनुसार शैक्षिक बेरोजगारको आवश्यक संख्या एकिन गर्ने ।

(४) आवश्यकता परिपूर्तिको लागि शैक्षिक बेरोजगारको सूचीकृतको लागि सूचना प्रकाशन गर्ने ।

(५) सूचना अनुसार सूचीकृत भएका निवेदनको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम छनौट परेका व्यक्तिहरुलई विद्यालयहरुको आवश्यकता अनुसार खटाउन ६।६ महिनाको लागि अनुसूची २ अनुसारको सम्झौता गराइ विद्यालयमा पठाउनुपर्ने छ ।

(६) प्रक्रिया पुरा गरी अध्यक्ष शैक्षिक बेरोजगार कार्यक्रम अनुसार कार्यरत शिक्षकहरुको विद्यालयबाट दैनिक हाजिरी विवरण र निर्धारित मापदण्ड अनुसार पारिश्रमिक माग गर्न लगाउने ।

(७) विद्यालयहरुबाट अन्य विद्यालय शिक्षकहरुको जस्तै त्रैमासिक रुपमा पारिश्रमिक माग गर्न लगाइ निकास गर्ने ।

(८) नियमित रुपमा विद्यालय अनुगमन गरी कार्यदक्षताको पहिचान गर्ने ।

**विद्यालयको भूमिका**

(१) कार्यक्रम अनुसार विद्यालयमा खटाइएका शिक्षकहरुलाइ हाजिरी गराइ हाजिरी अभिलेख राख्ने ।

(२) दक्षता अनुसार कक्षागत पिरीयड तयार गरी शिक्षण गर्न लगाउने ।

(३) विद्यालय जाने आउने समयको पालना गराउने ।

(४) विद्यालय उपस्थित नभएको र विद्यालय नखुलेको दिन हाजिरी नगराउने ।

(५) शिक्षकले पालना गर्नुपर्ने सबै आचारसंहिता पालना गराउने ।

(६) त्रैमासिक रुपमा शिक्षकको पारिश्रमिक माग गर्ने ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

परिच्छेद - ६

विविध

८. अनुगमन तथा मूल्याङ्कनः गाउँपालिकाको अनुगमन समितिले अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम अनुसार नियुक्त भएका शैक्षिक जनशक्तिको कक्षा सञ्चालनको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेखित भएको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

▲ १० यस कार्यविधि संसोधनको स्वीकृति पस्चात गाउँपालिकाको शिक्षक अनुदान कार्यविधि २०७५ अनुसार नियुक्त शिक्षकहरुको पाहिरहेको तलबमा २०% बृद्धि गर्ने र यस्तो पदमा कार्यरत दरबन्दि रिक्त भएमा स्वतह अध्यक्ष शैक्षिक वेरोजगार सम्बोधन कार्यविधि अनुसार कायम हुनेछ ।.

११ बाधा अड्काउ फुकाउनेः यसं कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

▲पहिलो ससोधनबाट संसोधन गरि थप गरिएको

उमेश चन्द्र यादव
उमेश चन्द्र यादव
अध्यक्ष
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश,नेपाल

# परिच्छेद ३ को दफा ( ५ ) को उपदफा ४ संग सम्बन्धित

## अनुसूची १

## निवेदनको ढाँचा

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
प्रतापपुर गाउँपालिका , नवलपरासी

विषय: अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रममा सूचीकृत हुन पाउँ ।

उपरोक्त विषयमा अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रममा सूचीकृत हुन देहायको व्यक्तिक विवरण भरी निवेदन पेश गरेको छु ।

१. नाम, थर; ..........................................................................
२. ठेगाना; ..........................................................................
३. बाबुको नाम, थर; ..........................................................................
४.. बाजेको नाम, थर; ..........................................................................
५. आमाको नाम, थर; ..........................................................................
६. विवाहित भए पती । पत्नीको नाम थर; ..........................................................
७ . जन्म मिति; ..........................................................................
८ .नागरिकता नम्बर; ..........................................................................
९. पेशा; ..........................................................................
१०. शैक्षिक योग्यता;

क)

ख)

ग)

घ)

११. अध्ययन गरेको मुख्य विषय (अध्यापन गर्न दक्षता भएको हुनुपर्ने); .....................
१२. अध्यापन अनुमति पत्र प्राप्त गरेको भए प्राप्त गरेको मिति; ..............................
१३. लिङ्ग; ..................................
१४. धर्म; ..............
१५. मातृभाषा; ............... १६.सम्पर्क नम्बर; .....................
१७. तपाइलाई के भन्न रुचाउनु हुन्छ ?;

क) ब्राह्मण ख) क्षत्री ग) जनजाती घ) आदिवासी
ङ) मधेशी च) लोपोन्मुख छ) दलित

उपरोक्त विवरण सही सत्य हो, यसमा प्रचलित कानुन पूर्ण पालना गर्नेछु, उल्लेखित विवरणमा मुद्धा ठहरेमा कानुन वमोजिम सहुँला । बुझुँला ।

निवेदकको नाम, थर ;
हस्ताक्षर:
मिति:

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

उमेश चन्द्र यादव
अध्यक्ष

६

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल